# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३०] काठमाडौं, असोज २ गते २०३७ साल [अतिरिक्ताङ्क ३६

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३७ सालको ऐन नं. १२

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आयकर ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : आयकर ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "आयकर (तेस्रो संशोधन) ऐन, २०३७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आयकर ऐन, २०३१ को दफा २ मा संशोधन : आयकर ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :–

"(घ) "महानिर्देशक" भन्नाले कर विभागको महानिर्देशक सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उप-दफा (१) को खण्ड (ज) मा रहेको "नियन्त्रण वा प्रशिक्षण" भन्ने शब्दहरूको सट्टा "नियन्त्रण, प्रशिक्षण, अध्ययन वा अनुसन्धान गरी" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः–

"(क) नगदी वा जिन्सीको रूपमा पाएको ज्याला, तलब, विशेष तलब, भत्ता, विशेष भत्ता, बिदा वापतको तलब, कमिशन, फी, शुल्क, बोनस र अन्य सुविधा ।

तर विदेश भत्ता, औषधी भत्ता, दैनिक वा भ्रमण भत्ता, लुगा भत्ता, दुर्गमस्थान भत्ता, विदेश भ्रमणमा प्रतिनिधिमण्डलको पाकेट खर्च, नेता भत्ता, भैपरिआउने खर्च र शोधभर्नाको रूपमा पाएको अन्य रकम तथा श्री ५ को सरकार, सरकारी संस्थानहरू, सार्वजनिक हितको काम गर्ने संस्थाहरू र तोकिएको अन्य संस्थाहरूले प्रदान गरेको उपदान तथा निवृत्त-भरणसमेत पारिश्रमिक आयमा समावेश गरिनेछैन ।"

५. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को खण्ड (ख) मा रहेको "न्यायोचित अनुमानद्वारा" भन्ने शब्दहरूको सट्टा "बजार मूल्यको आधारमा" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उप-दफा (१) मा रहेको "मुनासिब माफिकको तोकिएको खर्च" भन्ने शब्दहरूको सट्टा "तोकिएबमोजिमको खर्च" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को,–

५९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उप-दफा (१) मा रहेका "देहायका मुनासिब माफिकका खर्चहरू" भन्ने शब्दहरूको सट्टा "देहायबमोजिमका वास्तविक खर्चहरू" भन्ने शब्दहरू राखिएका छन्।

(२) उप-दफा (१) को खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः–
"(झ) प्रशासकीय खर्च,"

(३) उप-दफा (१) को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छः–
"(ट) आय आर्जन वा प्राप्त गर्नका लागि भएका अन्य वास्तविक खर्च,"

(४) उप-दफा (२) मा रहेको "मुनासिब खर्चहरू" भन्ने शब्दहरूको सट्टा "वास्तविक खर्चहरू" भन्ने शब्दहरू राखिएका छन्।

८. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्ः–

"(ग) आफ्नो पारिश्रमिकबाट कट्टा गरी सञ्चय कोषमा जम्मा गरेको रकम र काममा लगाउनेले त्यस्तो कोषमा थप गरेको रकम।

तर कर्मचारी सञ्चय कोषबाहेक अरू सञ्चय कोषहरूको हकमा तोकिएको अवस्थामा मात्र त्यस्तो खर्च कटाइनेछ।

(घ) आफ्नो नाबालक छोरा छोरी दुईजनासम्मको पढाईको लागि लागेको खर्च वापत प्रत्येकको निमित्त पारिश्रमिकको अढाई प्रतिशत।"

९. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को,–

(१) खण्ड (क) मा रहेको "पाँच प्रतिशत" भन्ने शब्दहरूको सट्टा "दश प्रतिशत" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (घ) झिकिएको छ।

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–
"(ङ) बहाल लगाउँदा कमिशन दिनुपरेको भए सोवापत बढीमा एक महीनाको बहाल रकम।"

१०. मूल ऐनको दफा १५ मा संशोधन : मूल ऐनको दफा १५ मा रहेको "आय स्रोतको" भन्ने शब्दहरूको सट्टा "अन्य स्रोतको" भन्ने शब्दहरू र "मुनासिब माफिकको खर्च" भन्ने शब्दहरूको सट्टा "वास्तविक खर्च" भन्ने शब्दहरू राखिएका छन्।

११. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ मा रहेको "कुनै खास किसिमको" भन्ने शब्दहरू पछि "कारोवार वा" भन्ने शब्दहरू थपिएका छन्।

१२. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ मा रहेको "श्री ५ को सरकारले" भन्ने शब्दहरूको सट्टा "महानिर्देशकले" भन्ने शब्दहरू राखिएका छन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५५

१३. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः–

"२६. जीवन बीमा प्रिमियम मिन्हा हुने : आय आर्जन गर्ने व्यक्तिले तोकिएको बीमा कम्पनीसंग जीवन बीमा गरी राखेको भए त्यस्तो जीवन बीमा वापत तिरेको प्रिमियम खर्च मिन्हा हुनेछ ।

तर जीवन बीमा गरेको अङ्कको सात प्रतिशतभन्दा बढी प्रिमियम खर्च मिन्हा हुनेछैन ।"

१४. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को उप-दफा (३) पछि देहायको उप-दफा (४) थपिएको छः–

"(४) सालवसाली कर तिरी आएका करदाताले कुनै आय वर्षमा कुनै कारोवार नभएको कारणबाट कर लाग्ने आय आर्जन गरेको छैन भने त्यस्ता करदाताले आफ्नो आय विवरण पेश गर्नुपर्ने छैन । आफ्नो आय नभएको कारण उल्लेख गरी उप-दफा (१) को म्यादभित्र सम्बन्धित कर कार्यालयमा सूचना दिनु पर्नेछ ।"

१५. मूल ऐनको दफा ३३ मा संशोधन : मूल ऐनको दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छः–

"३३. कर निर्धारण गर्ने : (१) करदाताको आय विवरण प्राप्त भएपछि कर अधिकृतले सो विवरणको आधारमा खूद आय निश्चित गरी एक वर्षभित्र कर निर्धारण गरिसक्नु पर्नेछ । उक्त अवधिभित्र कर निर्धारण गर्न नसकिएमा कर अधिकृतले कारण खुलाई महानिर्देशकलाई सूचना दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भएपछि महानिर्देशकले दुई वर्षसम्मको म्याद थप गर्न सक्नेछ । उक्त थप म्यादभित्र पनि कर निर्धारण गर्न नसकिएमा त्यसको कारण खुलाई कर अधिकृतले महानिर्देशकलाई पुनः सूचना दिनु पर्नेछ । त्यस्तो सूचना प्राप्त भएपछि महानिर्देशकले आय विवरण पेश भएको मितिले पाँच वर्षभित्रै कर निर्धारण गर्नु पर्ने गरी बढीमा दुई वर्षको म्याद पटक पटक गरी थप गर्न सक्नेछ ।

तर यो उप-दफा प्रारम्भ हुनुभन्दा अघि आय विवरण दाखिल भई कर निर्धारणको कारवाई भइरहेका हकमा यस उप-दफाबमोजिम म्यादको अवधि गणना गर्दा यो उप-दफा प्रारम्भ भएको मितिदेखि गणना गरिनेछ ।

(२) करदाताले आय विवरण दाखिल नगरेमा वा झुट्ठा विवरण दाखिल गरेमा वा कारोवारको लेखा नराखेमा वा राखेको लेखालाई मान्यता दिन नमिल्ने भएमा कर अधिकृतले देहायका कुनै आधारमा खूद आय कायम गरी कर निर्धारण गर्न सक्नेछः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) करदाताको दायित्व,सम्पत्ति, आय-व्ययको स्रोत र विवरणहरू,

(ख) करदाताको आय निर्धारण हुने आय वर्षभित्र सो करदाताको कारोबार सम्बन्धमा कर निरीक्षकले प्रतिवेदन दिएको भए सो प्रतिवेदनको आधार,

(ग) कर अधिकृतले करदाताको कर निर्धारण गर्ने आर्थिक वर्षको कारोबारको विषयमा कर निरीक्षकमार्फत् प्रतिवेदन लिएको भए सो प्रतिवेदनको आधार,

(घ) यस्तै किसिमका अरू करदाताको यस्तै किसिमको कारोबार वा व्यवसायमा के कति खूद आय निर्धारण भएको छ सो आधार,

(ङ) कर अधिकृतले त्यस्तो करदाताको सम्बन्धमा प्राप्त गरेको वा संकलन गरेको प्रमाण वा आधार,

(च) कर अधिकृतले आफैंले सो करदाताको विषयमा बुझेको आधार,

(छ) करदाताको विषयमा कर कार्यालयमा प्राप्त भएको कुनै तथ्यपूर्ण प्रतिवेदन वा आधार,

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको निमित्त "झुट्टा विवरण" भन्नाले दफा ५६ को उप-दफा (२) मा तोकिएको कुनै वा सबै अवस्था-लाई जनाउँछ ।

(३) उप-दफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राप्त भएको आय विवरण छानबीन वा जाँचबुझ गर्दा कर अधिकृतले यस ऐनबमोजिम कट्टी गर्न पाउने खर्च कट्टा गरी आयतर्फ समावेश गर्नुपर्ने अन्य रकमहरू भए सोसमेत समावेश गरी खूद आय कायम गरी कर निर्धारण गर्न सक्नेछ ।

(४) उप-दफा (२) वा (३) बमोजिम खूद आय निर्धारण गर्दा कर अधिकृतले त्यसरी आय निर्धारण गर्नु परेको आधार स्पष्ट खुलाई करदातालाई लिखित सूचना दिई आफ्नो आय सम्बन्धमा केही कुरा भन्न वा सबूद प्रमाण पेश गर्न सात दिनको म्याद दिनु पर्नेछ।

(५) दफा २७ को उप-दफा (२) बमोजिम आय विवरण पेश गर्नु पर्ने कम्पनीले आफ्नो कारोवारको अस्थायी विवरण पेश गरेमा यस ऐनको अन्य दफा-हरूको व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी कर अधिकृतले त्यस्तो विवरण-को आधारमा अस्थायी (प्रोभिजनल) कर निर्धारण गर्न सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. <u>मूल ऐनको दफा ३६ मा संशोधन</u> : मूल ऐनको दफा ३६ को उप-दफा (१) मा रहेको "कुनै व्यक्तिलाई पारिश्रमिक वा मुनाफाको हिस्सा वा व्याज दिंदा त्यस्तो पारिश्रमिक, व्याज वा मुनाफाको हिस्सा दिएकै बखत" भन्ने वाक्यांशको सट्टा "कुनै व्यक्तिलाई पारिश्रमिक, बहाल, कमिशन, बोनस, मुनाफाको हिस्सा, व्याज, वा आयकर नलाग्ने यस्तै अन्य कुनै रकम भुक्तानी दिंदा" भन्ने वाक्यांश राखिएको छ ।

१७. <u>मूल ऐनको दफा ३७ मा संशोधन</u> : मूल ऐनको दफा ३७ को,–

(१) उप-दफा (२) मा रहेको "कर निर्धारण आदेश करदाताले पाएको" भन्ने शब्दहरू पछि "पैंतीस दिन भुक्तान भएको" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उप-दफा (२) को खण्ड (क) झिकिएको छ ।

(३) उप-दफा (३) को खण्ड (घ) मा रहेको "पटक पटक गरी" भन्ने शब्दहरू पछि "तोकिएबमोजिम" भन्ने शब्दहरू थपिएका छन् ।

१८. <u>मूल ऐनको दफा ४० मा संशोधन</u> : मूल ऐनको दफा ४० को उप-दफा (४) मा रहेको "दफा ३३ को उप-दफा (४)" भन्ने शब्दहरूको सट्टा "दफा ३३ को उप-दफा (२)" भन्ने शब्दहरू राखिएका छन् ।

१९. <u>मूल ऐनको दफा ४२ मा संशोधन</u> : मूल ऐनको दफा ४२ को उप-दफा (१) को,–

(१) खण्ड (झ) मा रहेको "कुनै कर्मचारीले सञ्चय कोषमा आफ्नो पारिश्रमिकको अङ्कबाट कट्टा गरी जम्मा गरेको रकम र काममा लगाउनेले त्यस्तो कोषमा थप गरेको रकम र" भन्ने वाक्यांश झिकिएको छ ।

(२) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छः–

"(ञ) जीवन बीमाबाट क्षतिपूर्ति वापत वा बीमा अवधि भुक्तान भएपछि पाउने रकम ।"

२०. <u>मूल ऐनको दफा ४३ मा संशोधन</u> : मूल ऐनको दफा ४३ को उप-दफा (१) मा रहेको "पचास हजार" भन्ने शब्दहरूको सट्टा "एक लाख" भन्ने शब्दहरू राखिएका छन् ।

२१. <u>मूल ऐनको दफा ४९ मा संशोधन</u> : मूल ऐनको दफा ४९ को उप-दफा (१) को सट्टा देहायको उप-दफा (१) राखिएको छ :–

"(१) कुनै करदाताले आर्जन वा प्राप्त गरेको आय निश्चित गर्न आय-व्ययको लेखा राखी कुनै खास अवधि मानिआएको भए, त्यस्तो करदाताको हकमा यस्तो अवधिलाई निजको आय वर्ष मानिनेछ । आय-व्ययको लेखा नराख्ने करदाताको हकमा श्री ५ को सरकारको आर्थिक वर्ष नै निजको आय वर्ष मानिनेछ ।"

२२. <u>मूल ऐनमा दफा ५१क. थप</u> : मूल ऐनको दफा ५१ पछि देहायको दफा ५१ क. थपिएको छः–

"५१क. <u>लेखापरीक्षकउपर कारवाई गर्न सकिने</u> : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि लेखापरीक्षकले झुट्टा लेखा वा विवरणलाई साँचो भनी

६०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमाणित गरेको देखिएमा महानिर्देशकले त्यस्तो लेखापरीक्षकलाई लेखापरीक्षक सम्बन्धी ऐन, २०३१ बमोजिम सजाय गर्न महालेखापरीक्षकसमक्ष सिफारिश गर्न सक्नेछ ।"

२३. मूल ऐनमा दफा ५७ क. थप : मूल ऐनको दफा ५७ पछि देहायको दफा ५७ क. थपिएको छः–

"५७क. निवेदन वा पुनरावेदन दिंदा उल्लेख गर्नु पर्ने : कुनै करदाताले दफा ३४ को उप-दफा (२) बमोजिम निवेदन दिंदा वा दफा ५७ बमोजिम पुनरावेदन दिंदा के कति कारणबाट कर अधिकृतले गरेको निर्णय वा आदेश पूरा वा आंशिक रूपमा ठीक छैन भन्ने कुरा र के कति कारणबाट आफ्नो आय वा दायित्व कति हुनु पर्ने भन्ने अङ्कसमेत खुलाई निवेदन वा पुनरावेदनमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।"

२४. मूल ऐनको दफा ५९ मा संशोधन : मूल ऐनको दफा ५९ को उप-दफा (३) मा रहेको "बढीमा पाँचहजार रूपैयाँसम्म" भन्ने शब्दहरूको सट्टा "यस ऐनबमोजिम लाग्ने करको वार्षिक दश प्रतिशतका दरले" भन्ने शब्दहरू राखिएका छन् ।

२५. रूपान्तर : मूल ऐनमा "निर्देशक" भन्ने शब्द प्रयोग भएका ठाउँहरूमा सो शब्दको सट्टा "महानिर्देशक" भन्ने शब्द राखिएको छ ।

लालमोहर सदर मितिः– २०३७।६।२।५

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

६०३

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।